# काठ र दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

प्रथम पटक सूचना प्रकाशन मितिः २०८३/०४/२९

जनज्योति सामुदायिक वन उपभोक्ता समूह, बुद्धभुमि न.पा.-०३, कपिलवस्तुको वन क्षेत्रबाट नियमानुसार आ.व. २०८१।८२ र आ.व.२०८२/०८३ मा संकलन गरी उत्पादन भएका काठ/दाउरा सा.व.उ.स. को घाटगद्दीमा विभन्न लट बनाई राखिएको साल, अस्ना, कर्मा, जामुन लगायत जातको गोलिया थान १०३४ को ९२९१.३८ क्यु.फि. काठ र २९ चट्टा दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । रितपुगेका इच्छुक वन पैदावारमा आधारित (काठ/दाउरा) संचालनमा रहेका उद्योगहरुले मात्र यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनसम्ममा बोलपत्र खरिद गरि २२औं दिनभित्रमा सिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । बोलपत्र खरिद गर्ने तथा दाखिला गर्ने अन्तिम मितिमा सार्बजनिक विदा पर्न गएमा सो विदा पछिको कार्यालय खुल्ने दिनलाई बोलपत्र खरिद गर्ने वा दाखिला गर्ने अन्तिम मिति मानिनेछ तथा यस सम्वन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ । पूर्ण ब्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

## श्री जनज्योति सामुदायिक वन उपभोक्ता समूह

बुद्धभुमि न.पा.-०३, कपिलवस्तु

मेचिकाली राष्ट्रीय दैनिक पत्रिका

CamScanner